# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : ०३/२०७७-७८** **मितिः २०७७/०६/२७**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरू र राष्ट्रियस्तरका “ख” वर्गका विकास बैंकहरू ।

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ :

**एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र :०१/२०७६ को १.१.१५ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत नेपाल सरकारले समय समयमा निकासी पैठारी गर्न पूर्ण वा परिमाणात्मक बन्देज लगाएका वस्तुहरू सोही बमोजिम हुनेछ । साथै, नधुल्याएको मरिच, सुपारी, केराउ, छोकडा र अमेरिकी डलर ५०,००० भन्दा बढी मूल्यका सवारी साधनको पैठारी अर्को व्यवस्था नभएसम्म पूर्ण रुपमा बन्देज लगाइएको हुँदा सोको लागि विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न पाइने छैन ।

तर “भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिच” अन्तर्गत औद्योगिक कच्चा पदार्थको रुपमा आवश्यक पर्ने मरिच सम्बन्धित उद्योगको उत्पादन क्षमता र खपतको प्रवृत्तिको आधारमा उद्योग विभागले प्रमाणित गरेको परिमाण बमोजिम सम्बन्धित उद्योग आफैले आयात गर्ने प्रयोजनको लागि र विदेशी कूटनीतिक नियोग, कूटनीतिक सुविधाप्राप्त अन्तर्राष्ट्रिय संघ संस्था तथा सोमा कार्यरत कूटनीतिक सुविधाप्राप्त विदेशी कर्मचारीले निजी प्रयोगको लागि ल्याउने पचास हजार अमेरिकी डलर भन्दा बढी मूल्यको सवारी साधन पैठारी गर्ने प्रयोजनको लागि भने विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

भवदीय,

(बम बहादुर मिश्र)
कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।

३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल सरकार, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
७. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
८. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
९. श्री नेपाल सरकार, भन्सार विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१३. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन ।
१६. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१७. श्री नेपाल उद्योग परिसंघ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग